मिति : २०८०/११/२, कापा बैठक संख्या:२१-०८०/८१

प्रस्तावहरु

२१.१ गाउँपालिकाको Village Profile स्वीकृत गरी प्रकाशित गर्ने सम्बन्धमा,

२१.२ कञ्चन गाउँपालिकाको गाउँ विकास योजना २०८०/८१-२०८४/८५ प्रकाशन सम्वन्धमा,

२१.३ हस्तान्तरण र अनुमोदन सम्वन्धमा,

२१.४ म्याद थप सम्वन्धमा,

२१.५ अतिरिक्त भत्ता सम्वन्धमा,

२१.६ गाउँपालिका अन्तर्गतका हाट बजार, माछा पोखरी ठेक्का सम्वन्धमा,

२१.७ विस्तृत परियोजना प्रतिवेदन (DPR) सम्वन्धमा,

२१.८ कर दाताको विवरण संकलन प्रक्रिया सम्बन्धमा,

२१.९ तालिम सञ्चालन सम्बन्धमा,

२१.१० अनुगमन समितिको पूर्णता सम्बन्धमा,

२१.११ अख्तियारनामा प्रदान गरिने सम्बन्धमा,

२१.१२ कञ्चन गाउँपालिकाका विभिन्न कार्यविधि तर्जुमाका लागि कार्यदल गठन सम्बन्धमा,

२१.१३ स्थानीय विदा सम्बन्धमा,

२१.१४ आर्थिक सहायता सम्बन्धमा,

२१.१५ नापी कार्यालय रूपन्देहीलाई सामग्री उपलब्ध गराउने,

२१.१६ जिल्ला प्रशासन कार्यालयको निर्णय कार्यान्वयन सम्बन्धमा,

२१.१७ कञ्चन गाउँपालिकाको एच आइ भिं एड्स सम्बन्धी कार्यक्रम सञ्चालन कार्यविधि, २०८० सम्वन्धमा,

२१.१८ विविध ।

निर्णयहरू

**२१.१. कञ्चन गाउँपालिकाको Village Profile स्वीकृत गरी प्रकाशन गर्ने सम्बन्धमा**

कञ्चन गाउँपालिका Village Profile अद्यावधिक कार्यका लागि परामर्शदाता संस्था दीगो सामुदायिक विकासका निम्ति एकता बुटवल रूपन्देहीसँग मिति २०८०/०६/२९ गते भएको सम्झौता बमोजिम २०८०/१०/१२ गते प्रारम्भिक मस्यौदा पेश भएको र मिति २०८०/१०/१७ गते भएको अभिमुखिकरण सम्बन्धी कार्यक्रमबाट प्राप्त सुझाव समेतका आधारमा Village Profile को अन्तिम प्रतिवेदन प्राप्त भएको हुँदा उक्त Village Profile लाई स्वीकृत गरी सेवा प्रदायक संस्थालाई भुक्तानी दिने र ३०० प्रति छपाई गरी जनप्रतिनिधि राजनीतिक दल, सम्बन्धित निकाय र सरोकारवालाहरूलाई वितरण गर्ने व्यवस्था गर्ने ।

**२१.२. कञ्चन गाउँपालिकाको आवधिक गाउँ विकास योजना २०८०/८१-२०८४/८५ प्रकाशन सम्वन्धमा**

गाउँसभाको १५ औं अधिवेशनबाट सर्वसहमतले स्वीकृत भएको कञ्चन गाउँपालिकाको आवधिक गाउँ विकास योजना २०८०/८१-२०८४/८५ लाई ५०० प्रति छपाई गरी जनप्रतिनिधि, राजनीतिक दल, सम्बन्धित निकाय र सरोकारवालाहरूलाई वितरण गर्ने व्यवस्था मिलाउने ।

२१.३. हस्तान्तरण र अनुमोदन सम्वन्धमा

- गाउँपालिकाको आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत पृष्ठ नं. ५१ सि.नं. ३० रूद्रपुर युवा क्लबको जिम हललाई सामग्री खरीद शीर्षक नं. २२२३१(नेपाल सरकार नगद अनुदान) रू.१०,००,०००/- बाट सामाग्री खरीद गरी २०८०/०९/२६ गतेको हस्तान्तरण फारामबाट हस्तान्तरण भई आएका सामग्रीहरूको बारेमा कार्यपालिका बैठकमा जानकारी भयो । साथै रूंद्रपुर युवा क्लबको जिम हललाई हस्तान्तरण भएको उक्त कार्यको अनुमोदन गरियो ।
- गाउँपालिकाको आ.व. २०८०/८१ को स्वीकृत कार्यक्रम अनुसार गाउँ कार्यपालिकाको २०८० असोज ११ गतेको ८औ बैठकको नि.नं. ८.६ ख बमोजिम गाउँपालिकाका मुख्य-मुख्य चोकहरूमा CCTV जडान सम्पन्न गरी UPS, Battery र उक्त CCTV इलाका प्रहरी कार्यालय रूद्रपुरलाई रेखदेख र नियन्त्रण गर्ने गरी हस्तान्तरण गरिएको व्यहोरा बैठकमा जानकारी भई उक्त कार्यलाई अनुमोदन गरियो ।

२१.४. म्याद थप सम्वन्धमा

गाउँपालिका अन्तर्गत भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको जग्गा नापजाँचका लागि खटिएका देहायका अमिनहरूको कार्य सन्तोषजनक र कार्य प्रगतिमा सकारात्मक सुधार देखिएको हुँदा निजहरूको २०८० चैत्र मसान्त सम्म सेवा अवधि थप गर्ने ।

देहाय

दिपक विश्वकर्मा

नवरतन लोध

आनन्द प्रसाद अहिर

२१.५. अतिरिक्त भत्ता सम्वन्धमा

गाउँपालिकामा सुरक्षा गार्डको रूपमा कार्यरत जनक बहादुर बलाल मिति २०८० मंसिर २ गतेदेखि अस्वस्थ्य भई कार्यालयमा काम गर्न असमर्थ भएको हुँदा निजको सट्टामा समेत कार्यालयको रेखदेख र सुरक्षाका लागि सुरक्षा गार्डको रूपमा कार्यरत चन्द्र बहादुर तरामुले २४ घण्टा कामकाज गरिरहेको हुँदा निजलाई अर्को सुरक्षा गार्डको व्यवस्था नभएसम्मका लागि प्रतिदिन रू. २०० का दरले मिति २०८० मंसिर १ गतेदेखि लागू हुने गरी अतिरिक्त भत्तावापतको रकम उपलब्ध गराउने । साथै निजलाई उक्त समयको खाजा खाना वापतको रकम समेत उपलब्ध गराउने ।

२१.६. गाउँपालिका अन्तर्गतका हाट बजार, माछा पोखरी ठेक्का सम्वन्धमा

कञ्चन गाउँपालिकाको गाउँ कार्यपालिकाको मिति २०८० माघ १४ गते बसेको २० औं कार्यपालिका बैठकको निर्णय नं. २०.९.४ क मा भएको निर्णय बमोजिम गाउँपालिका उपाध्यक्ष मौसमी थापा मगरको संयोजकत्वमा गठित कार्यदलको कार्य प्रगतिको बारेमा संयोजकबाट Briefing भयो । उक्त कार्यलाई यथासक्य छिटो सम्पन्न गरी ७ दिनभित्र प्रतिवेदन पेश गर्न निर्देश गर्ने निर्णय गरियो ।

मिति : २०८०/११/२ कार्य बैठक संख्याः२१-०८०/८१

**२१.७. विस्तृत परियोजना प्रतिवेदन (DPR) सम्वन्धमा**

कञ्चन गाउँपालिका भित्रका धार्मिक तथा पर्यटकीय स्थलहरूको रूपमा रूपान्तरण गर्ने उद्देश्यले संघीय तथा प्रदेश सरकारसँग आवश्यक बजेट विनियोजनका लागि माग गर्ने उद्देश्यका साथ कञ्चन गाउँपालिका वडा नं. ३ मा रहेको नागपोखरी संरक्षणका लागि भौतिक संरचना निर्माण र ज्येष्ठ नागरिक मिलन केन्द्र र कञ्चन ५ को भौतिक संरचना निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार पार्नु पर्ने भएको हुँदा गाउँसभाको १५ औ अधिवेधनबाट स्वीकृत संशोधित बजेटको विभिन्न योजनाहरूको डिपिआर आवश्यकता अनुसार शीर्षकमा विनियोजित रू.५,००,०००/- बाट नबढ्ने गरी गाउँपालिकाको मौजुदा सूचिमा सूचिकृत व्यक्ति,संस्था फर्म मार्फत कोटेशन विधिबाट DPR तयार गर्ने ।

**२१.८. कर दाताको विवरण संकलन प्रक्रिया सम्वन्धमा**

राजस्व सम्भाव्यता अध्ययन तथा सुधार कार्ययोजना २०८१/८२-२०८३/८४ तयार भईसकेको र उक्त कार्ययोजनामा राजस्व संकलनका उल्लेख्य क्षेत्रहरू पहिचान भएको हुँदा गाउँपालिकाको आन्तरिक राजस्व वृद्धिका साथसाथै यस स्थानीय तहमा रहेका सम्पूर्ण करदाताहरूको व्यक्तिगत विवरण सहितको करदाताहरूको प्रोफाइल निर्माण गर्नका लागि कञ्चन गाउँ विकास योजना २०८०/८१ को पृष्ठ नं. ५६ सि.नं. १०० मा रहेको गाउँपालिकाभित्रका करदाताहरूको प्रोफाइल निर्माण खर्च शीषक नं. २२५२२(नेपाल सरकार नगद अनुदान) शीर्षकमा विनियोजित रकममा नबढ्ने गरी गाउँपालिकाको मौजुदा सूचिमा सूचिकृत व्यक्ति, फर्म, संस्थामार्फत कोटेशन विधिमार्फत कार्य अगाडी बढाउने ।

**२१.९. तालिम सञ्चालन सम्वन्धमा**

कञ्चन गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रममा जनप्रतिनिधि तथा कर्मचारीहरूका लागि क्षमता अभिवृद्धि तालिम खर्च शीर्षक नं. २२५११ (नेपाल सरकार नगद अनुदान) मा विनियोजित रकमबाट स्वीकृत प्रतिवेदन र कोटेशन विधि मार्फत प्राप्त भएका फर्महरुबाट रू.५,००,०००/- नबढ्ने गरी सार्वजनिक सेवा प्रवाह, पारदर्शिता र सुशासन, अनुगमन तथा सुपरिवेक्षण, योजना तर्जुमा, नीतिगत व्यवस्थापन तथा समन्वय, कानून निर्माण र त्यसको प्रभाव सम्बन्धमा अभिमुखिकरणका लागि नेपाल सरकारको विशिष्ट श्रेणीमा कार्यरत बहालवाला सचिव अथवा सेवानिवृत्त विशिष्ट श्रेणीको सचिव, प्रशासनविद्, कानून विद् मध्येबाट कार्यालयले स्वीकृत दिएका कम्तीमा २ जना प्रशिक्षकहरू रहने गरी खरीद नियमावलीले तोकेको शर्त पुरा गरी जनप्रतिनिधि/कर्मचारीहरूको उपस्थितिमा मिति २०८० फागुन ११ र १२ गते २ दिन क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालनका लागि अनुमति दिने ।

**२१.१०. अनुगमन समितिको पूर्णता सम्वन्धमा**

कञ्चन गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिको कार्य सञ्चालन कार्यविधि, २०७८ को दफा ३ को ख बमोजिम देहायका सदस्यहरू रहने गरी पूर्णता दिने

देहाय

| | |
|---|---|
| श्री कुमारी घर्ती मगर | सदस्य |
| श्री चित्रलाल तुलाचन | सदस्य |

मिति : २०८०/११/२, कापा बैठक संख्या:२१-०८०/८१

२१.११. अख्तियारनामा प्रदान गर्ने सम्वन्धमा

गजेडी स्वास्थ्य चौकीका लागि राजस्व छुटमा खरीद गर्न एम्बुलेन्स खरीदका लागि अग्नि इन्कर्पोरेटेड प्रा.लि. काठमाडौं-१०, पानीपोखरीसँग सम्झौता भएकोमा र उक्त कम्पनीसँग एम्बुलेन्स प्राप्तिका लागि अध्यक्षले तोकेको प्रतिनिधि र १ जना हलुका सवारी चालक पठाउने गरी अधिकार प्रत्यायोजन गर्ने ।

२१.१२. गाउँपालिकाको विभिन्न कार्यविधि तर्जुमाका लागि कार्यदल गठन सम्वन्धमा

कञ्चन गाउँपालिकाको देहाय बमोजिमको कार्यविधि तर्जुमाका लागि तपसिल बमोजिमको कार्यदल गठन गर्ने :

क. कञ्चन गाउँपालिकाको पैंचो पसल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० सम्बन्धमा

कार्यदलको नाम : कञ्चन गाउँपालिकाको पैंचो पसल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० तर्जुमा कार्यदल

*समिति*

| | |
|---|---|
| अ. केशर बहादुर खत्री | संयोजक |
| आ. कुल प्रसाद पौडेल | सदस्य |
| इ. सन्तोष गैरे | सदस्य |
| ई. मगरे पाल गडरिया | सदस्य |
| उ. राम प्रसाद अधिकारी | सदस्य-सचिव |

२१.१३. स्थानीय विदा सम्वन्धमा

लुम्बिनी प्रदेश सरकारको प्रदेश राजपत्र खण्ड ६ अतिरिक्ताङ्क ३७ मिति २०७९ चैत्र १७ गते राजपत्रमा प्रकाशित बि.सं. २०८० सालका लागि लुम्बिनी प्रदेशमा थप सार्वजनिक एवं पर्व विदा सम्बन्धमा क्र.सं. ४ मा स्थानीय तहको आवश्यकतालाई मध्यनजर गरी स्थानीय तहको निर्णयबाट १ दिन सम्बन्धित स्थानीय तहभर सार्वजनिक विदा दिन सक्ने व्यवस्था भए बमोजिम मिति २०८० फागुन १५ गते मगर दिवस दिन कञ्चन गाउँपालिकाभित्र मगर समुदायको बाहुल्यता भएको हुँदा उक्त दिन कञ्चन गाउँपालिका क्षेत्रभित्रका सार्वजनिक, सामुदायिक, सरकारी कार्यालयहरूमा १ दिन स्थानीय विदा दिने ।

२१.१४. आर्थिक सहायता सम्वन्धमा

२१.१४.१. नेपाल मगर संघ गाउँ कार्य समिति कञ्चनलाई आर्थिक सहायता सम्बन्धमा

नेपाल मगर संघ गाउँ कार्य समिति कञ्चन रूपन्देही को च.नं. ११ मिति २०८०/१०/१९ गतेको पत्रबाट मगर समुदायको महत्वपूर्ण दिवस मगर एकता दिवसको अवसरमा विगत वर्षहरूमा जस्तै यस वर्ष पनि विविध कार्यक्रम सञ्चालनका लागि आर्थिक सहायता माग भएकोमा धार्मिक तथा साँस्कृतिक संस्था सहायता शीर्षक नं. २५३१४ (सि.नं.१४६) मा विनियोजित रू.५ लाख बाट रू १,००,०००/- अक्षरूपी एक लाख आर्थिक सहायता उपलब्ध गराउने ।

मिति : २०८०/११/२, कार्यपालिका बैठक संख्या:२१-०८०/८१

**२१.१४.२. श्री हिमालय सामुदायिक विकास केन्द्रलाई आर्थिक सहायता सम्बन्धमा**

वडा नं. ४ कार्यालयको च.नं. १३०८ मिति २०८०/०९/२५ गतेको पत्र तथा मिति २०८०/०९/२४ गतेको पत्रसाथ प्राप्त श्री हिमालय सामुदायिक विकास केन्द्रले पेश गरेको प्रस्तावनामा कञ्चन कप-२०८० फुटबल प्रतियोगिता सञ्चालनका लागि आर्थिक सहयोग माग भएकोमा गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत खेलकुद सामग्री खरीद तथा वितरण शीर्षकबाट रू. ५०,०००/- बराबरको खेलकुद सामग्री उपलब्ध गराउने र रू.५०,०००/- स्वीकृत वार्षिक कार्यक्रमको व्यक्तिगत तथा संस्थागत आर्थिक सहायता ऐन बमोजिम खर्च हुने गरी थप आर्थिक सहायता उपलब्ध गराउने ।

**२१.१४.३. जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्वन्धमा**

यस वर्षको जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता मिति २०८०/११/०३ गते देखि कञ्चन गाउँपालिकामा सञ्चालन हुन गइरहेको रूपन्देही जिल्ला खेलकुद विकास समितिबाट आर्थिक सहायताका लागि च.नं. ५० मिति २०८०/१०/२० गतेको पत्रबाट आर्थिक सहायता माग भई आएको हुँदा गाउँसभाको १५ औं अधिवेशनबाट स्वीकृत संशोधित बजेटको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता तथा प्रतिभा सप्ताह कार्यक्रम सञ्चालन शीर्षकमा विनियोजित बजेट रू.७,००,०००/- मध्येबाट रू.१,००,०००/- जिल्ला खेलकुद विकास समितिलाई आर्थिक सहायतास्वरूप उपलब्ध गराउने ।

**२१.१५. नापी कार्यालय रूपन्देहीलाई सामग्री उपलब्ध गराउने सम्वन्धमा**

नापी कार्यालय रूपन्देहीको च.नं. ११८६ मिति २०८०/१०/२८ गतेको पत्र बमोजिम गाउँपालिकाभित्रका ब्लकका जग्गा नाप नक्सा गर्न प्रयोजनका लागि कार्यालय व्यवस्थापनका लागि सोफा सेट २ थान, कार्यालय टेबल १ थान र कुर्चि २ थान माग भइ आएको हुँदा नापी कार्यालय रूपन्देहीलाई उक्त सामग्री खरीद गरी हस्तान्तरण गर्ने ।

**२१.१६. निर्णय कार्यान्वयन सम्वन्धमा**

जिल्ला प्रशासन कार्यालय रूपन्देहीको च.नं. ७१८९ मिति २०८०/१०/२५ गतेको पत्रानुसार मिति २०८०/१०/२४ गते प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्यालको अध्यक्षतामा बसेको कार्यालय प्रमुखहरूको बैठकको निर्णय नं. २ सार्वजनिक निकायबाट प्रवाह हुने सेवा र विकास व्यवस्थापनलाई प्रभावकारी बनाउन अडियो नोटिस (Audio Notice) फागुन २०८० बाट जारी गर्ने र सो को विषयवस्तु सहितको प्रतिवेदन जिल्ला प्रशासन कार्यालयमा पेश गर्ने भन्ने व्यहोराको निर्णय भए बमोजिम गाउँपालिकाबाट प्रवाह हुने सेवा सम्बन्धमा डिजिटल नागरिक वडापत्रमा उल्लेख भएका मूख्य-मूख्य बुँदाहरू समेटी अडियो नोटिस तयार गरी कार्यान्वयन गर्ने र सोको जानकारी जिल्ला प्रशासन कार्यालयलाई दिने ।

२१.१७. कञ्चन गाउँपालिकाको एच आइ भि एड्स सम्बन्धी कार्यक्रम सञ्चालन कार्यविधि, २०८० सम्वन्धमा

कञ्चन गाउँपालिकाको एच.आइ.भि. एड्स सम्बन्धी कार्यक्रम सञ्चालन कार्यविधि, २०८० मिति २०८०/१०/०७ गतेको गाउँकार्यपालिकाको बैठकको निर्णय नं. १९.१५.२ बाट ५ सदस्यीय समिति गठन भई समितिले मस्यौदा तयार गरी पेश गरेको हुँदा उक्त मस्यौदा उपर आवश्यक छलफल भयो छलफलबाट उठेका विषयवस्तुहरू समेटी कार्यविधि स्वीकृत गर्ने ।

२१.१८. विविध

२१.१८.१. कार्यविधि संशोधन सम्वन्धमा

पशुपन्छी पालन तथा मस्त्य विकास कार्यक्रम सञ्चालन कार्यविधि,२०८० को पहिलो संशोधन देहाय बमोजिम गर्ने ।

देहायः

| सि.नं. | परिच्छेद | दफा | कार्यविधिको वर्तमान अवस्था | ऐनमा संशोधन प्रस्ताव | कारण तथा सुझाव |
|---|---|---|---|---|---|
| १. | | १ (क) | पशुपन्छी पालन तथा मत्स्य विकास कार्यक्रम सञ्चालन कार्यविधि,२०८० | | |
| | | | पशुपन्छी पालन तथा मस्त्य विकास कार्यक्रम सञ्चालन कार्यविधि,२०८० को पहिलो संशोधन गर्न वाञ्छनिय भएकाले नेपालको संविधानको धारा २२९(२) को अधिकार प्रयोग गरी देहायका अनुसूचि थप गरिएको | | |
| | | | १.संक्षिप्त नाम र प्रारम्भः (क) यस कार्यविधिको नाम पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन कार्यविधि,२०८० को पहिलो संशोधन रहेको छ ।<br>(ख) यो कार्यविधि राजपत्रमा प्रकाशन भए पछि लागु हुनेछ र | | |
| | ३ | | पशुपालन समुह/ समिति दर्ता प्रकृया सम्वन्ध<br>पशुपालन समुह/ समिति दर्ताका लागि देहाय बमोजिम कागजात पशु सेवा शाखामा पेश गर्नु पर्नेछ।<br>• समुह/ समितिको निवेदन<br>• समुह/ समिति गठन तथा दर्ता सम्वन्ध निर्णयको प्रतिलिपि<br>• विधान २ (दुई) प्रति | • अनुसूचि ३० बमोजिम को कृषक समुह/ समिति दर्ता प्रमाण | थप गरिएको |

मिति : २०८०/११/३ कापा बैठक संख्या:२१-०८०/८१

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • कार्य समिति पदाधिकारीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि<br>• समुह/समितिको अध्यक्ष र सचिवको २/२ प्रति पासपोर्ट साइजको फोटो | पत्र प्रदान गर्ने | |

परिच्छेद ३ सँग सम्बन्धित

अनुसूचि-३०

कञ्चन गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

कञ्चन-२,रूपन्देही

लुम्बिनी प्रदेश, नेपाल

**कृषक समुह/समिति दर्ता प्रमाण-पत्र**

कञ्चन गा.पा.प.से.शा.द.नं.:

दर्ता मिति :-

कञ्चन गाउँपालका पशु सेवा शाखा रूपन्देहीद्वारा पशु सेवा प्रसार तथा त्दर्पिन कार्यलाई टेवा पुऱ्याउने उद्देश्यले मिति .................. मा गठन/स्थापना भएको यस लुम्बिनी प्रदेश, रूपन्देही जिल्ला कञ्चन गाउँपालिका वडा नं ...... टोलमा रहेको श्री ........................... लाई यस कार्यालयको अभिलेखमा दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

तयार गर्ने     रूजु गर्ने     प्रमाण पत्र जारी गर्ने

मिति : २०८०/११/२, कापा बैठक संख्याः२१-०८०/८१

२१.१८.२. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना स्विकृत सम्वन्धमा

आ.व.२०८०/८१ कामा रोजगार सेवा केन्द्रबाट सूचिकृत बेरोजगारको सूचिमा समावेश भएका व्यक्तिहरुले प्राथमिकता क्रमका आधारमा न्यूनतम १०० दिनको रोजगार पाउने व्यवस्था बमोजिम न्यूनतम रोजगारी सृजना गर्ने प्रयोजनार्थ वडा कार्यालयहरुबाट देहाय बमोजिमका योजना छनौट भई आएको हुँदा स्विकृत गर्ने ।

देहायः

| क्र.सं. | सिफारिस भएको योजना | वडा नं. | कार्यान्वयन हुने स्थान |
|---|---|---|---|
| १. | गुराँस खेलमैदान साईट क्लियरेन्स, वडा कार्यालय कम्पाउण्डभित्र सरसफाई, गार्डेन मर्मत सम्भार, सार्वजनिक शौचालय र सडक मर्मत सम्भार माटो फिलिङ्ग तथा ढल एंव नाली सरसफाई कार्यक्रम | ३ | वडा भित्रका वडा कार्यालयले तोकेको स्थान |
| २. | पालिका अन्तर्गतका सार्वजनिक चौपारीहरुको मर्मत सम्भार, विद्यालयमा रंङ रोगन, कञ्चन गाउँपालिकामा अवस्थित पहिचान भएका वृक्षारोपण योग्य सार्वजनिक ठाउँमा वृक्षारोपण तथा बगैचाहरु निर्माण सौन्दर्यकरण | | गाउँपालिका भित्रका सबै वडाहरु |
| ३. | सडक साईट फिलिङ, कुलो निर्माण, सडक मर्मत सम्भार माटो फिलिङ्ग वडा भित्रका सार्वजनिक स्थान, विद्यालयहरुको सरसफाई तथा सार्वजनिक निर्माण कार्यमा मर्मत संभार | ४ र ५ | वडा नं.४ र ५ ले तोकेका विभिन्न स्थानमा |
| ४. | वडा कार्यालयबाट सिफारिस भई आएका विभिन्न योजनाहरू | | सबै वडाहरू |

२१.१८.३. रकम भुक्तानी सम्वन्धमा

कञ्चन गाउँपालिकामा सहायक पाँचौ तहमा कार्यरत क.सं.नं.२३६३४४ का श्री कमल अर्यालको मिति २०७९/०६/२४ गते राजिनामा स्विकृत भएको र निजले पाउनु पर्ने घर विदा र संचित विदा गरी जम्मा ११३ दिनको संचित विदा बापतको रकम कर्मचारी कल्याणकारी कोषबाट बेहोर्ने गरी भुक्तानी दिने ।

२१.१८.४. महिला उद्यमी तथा महिला उद्यमी समूह छनौट सम्वन्धमा

महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको मिति २०८० माघ ११ गते महिला उद्यमी तथा महिला उद्यमी समूहलाई प्रविधि सहयोग उपलब्ध गराउने सम्बन्धी सूचना बमोजिम तोकिएको म्याद भित्र यस गाउँपालिकामा पेश भएका निवेदनहरू मध्ये महिला उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पूँजी र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ मा गाउँपालिकामा प्राप्त निवेदनहरू मध्ये सूचनाको म्याद समाप्त भएको मितिले १५ दिनभित्र एक जना महिला उद्यमी र एक जना महिला

मिति : २०८०/११/२, कापा बैठक संख्याः२१-०८०/८१

उद्यमी समूह छनौट गरी प्रदेश मन्त्रालयमा सिफारिस गरी पठाउनु पर्ने व्यवस्था भए बमोजिम महिला उद्यमी श्री स्नेहा ब्युटी पार्लर कस्मेटिक एण्ड टेनिङ्ग सेन्टर (प्रोपाईटर रमा शर्मा पौडेल) लाई छनौट गरी प्रदेश मन्त्रालयमा सिफारिस गर्ने ।

**२१.१८.५. माइग्रेसन प्रोफाइल निर्माणका लागि कार्यरत गणकहरूलाई भुक्तानी दिने सम्वन्धमा**
गाउँपालिकाको माइग्रेसन प्रोफाइल निर्माणका लागि वडा कार्यालयहरूबाट छनौट भई कार्यरत भएका गणकहरूलाई कार्य सम्पन्न भएपश्चात वडाको सिफारिसको आधारमा प्रति डाटा इन्ट्री बराबर रू. ४० का दरले भुक्तानी उपलब्ध गराउने ।

**२१.१८.६. छुट योजनाको शिर्षक मिलान सम्वन्धमा**
यस गाउँपालिकाको चालु आ.व. २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार राम प्रसादको घरदेखि गुरूङ टोलसम्म जाने बाटो हेभी ग्राभेल रू.३,००,०००/- योजना कम्प्युटर प्रविष्टि गर्दा छुट हुन गएको हुँदा कुल बजेट सिलिङबाट फरक नपर्ने गरी सवारी साधन तथा मेशिनगरी औजार भाडा शीर्षकबाट रू.३,००,०००/- बराबरको रकम शिर्षकमा मिलान गरी सोही बमोजिम भुक्तानी दिने ।

अन्त्यमा, माथिका सबै निर्णयहरुमा कार्यपालिका सदस्यहरुको असहमति नरहेको हुँदा सर्वसहमतिले सबै निर्णयहरू पारित भयो र गाउँपालिका अध्यक्ष श्री नवराज ढकालबाट २१ औ कार्यापालकिाको बैठकमा उपस्थित सम्पुर्णलाई धन्यवाद ज्ञापन गर्दै आजको कार्यापालिकाको बैठक अन्त्य भएको घोषणा गर्नु भयो ।